बैठक संख्या: ८

श्री

आज मिति २०८२ साल माघ २८ गते दिउसो १२:३० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७ | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौ | |

प्रस्तावहरु

१. चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक वोर्ड नेपालबाट संचालन गरिने योजना सम्बन्धमा ।
२. बजेट अनुमोदन तथा बाँडफाँड सम्बन्धमा ।
३. "भूमिहीन किसानलाई करार खेतीमा सहयोग कार्यक्रम" सन्चालन गर्ने सम्बन्धी मापदण्ड -२०८२ सम्बन्धमा
४. आधारभूत तह (कक्षा -८) उतीर्ण परीक्षा समिति गठन सम्बन्धमा।
५. कर सेवा विस्तार तथा व्यवस्थापन सम्बन्धमा ।
६. अर्ध वार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।
७. शिक्षाको तह र दरवन्दी मिलान सम्बन्धमा ।
८. विविध ।
    क) लिखत पारितको राजश्व छुट सम्बन्धमा ।
    ख) गेट हस्तान्तरण सम्बन्धमा ।
    ग) कला केन्द्र निर्माणको लागि जग्गा उपलव्ध गराउने सम्बन्धमा ।
    घ) नेपाल विद्युत प्राधिकरण, बर्दघाट वितरण केन्द्रलाई रकम निकासा सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरि देहाय वमोजिमको निर्णय गरियो ।

निर्णय नं. १

- चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक वोर्ड नेपालमार्फत संचालन गरिने योजनाहरुलाई देहाय वमोजिम प्राथमिकताका आधारमा स्वीकृत गर्ने ।

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | योजना स्थल | अनुमानित लागत रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| १. | भटौलिया हुलाकी सडक-बड्की भटौलिया-माकर-जिमिरेभार सडक मर्मत | वडा नं. १२ | ५४,००.० | |
| २. | त्रीवेणि सडक बसपार्कहुदै नगरपालिका जाने सडक मर्मत | वडा नं ४ | | |

निर्णय नं. २

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **नागरिकको लागत साझेदारीका आयोजनाहरुमा नगरको साझेदारी** शीर्षकमा (ब.सि.नं. १८९) मा छुट्टाईएको बजेट रु ६५,००,०००/- (रुपैया पैसठ्ठि लाख मात्र) रकमलाई ७०/३० को साझेदारीमा देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु हजारमा | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | बेलहानी खानेपानी वोर्डिङ्ग निर्माण | ७ | ९००.० | लागत साझेदारीमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | दिपक ज्ञवालीको घरदेखी दक्षिण पूर्व बुद्धिबहादुरको घरसम्म पक्कि ढलान | | ६००.० | लागत साझेदारीमा | |
| ३ | बर्दघाट चुरे उद्यानमा हरियाली प्रवर्द्धन सिचाई कार्यक्रम | ४ | ३५०.० | लागत साझेदारीमा | |
| ४. | दाउन्नेदेवी साना किसान कृषि सहकारी संस्थाको गोदाम घर निर्माण | १४ | १०००.० | लागत साझेदारीमा | |
| ५. | भूताहा खोला पुलमा ग्याभिन जाली | ९ | ५००.० | लागत साझेदारीमा | |
| ६ | हुलाकी खोला तटोन्धन कार्य | १२ | १५०.० | लागत साझेदारीमा | |
| ७ | शसस्त्र प्रहरी वलको उत्तरतर्फ हरयालीनगर जाने बाटो स्तरोन्नती | ४ | १५०.० | लागत साझेदारीमा | |
| ८ | विष्णु भण्डारीको घरदेखि कोइरालाको घर जाने बाटो ढलान | ११ | ३१४.० | लागत साझेदारीमा | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **विपद व्यवस्थापन कोष** शीर्षकमा (ब.सि.नं २७६) मा छुट्टाईएको बजेट रु ४०,००,०००/- (रुपैया चालिस लाख मात्र) रकमलाई विपद व्यवस्थापनको क्षेत्रमा कार्य गर्न देहाय वमोजिम रकम वाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | नेपाल रेडक्रस सोसाइटीलाई मानव रक्तसेवा अभियान सञ्चालन कार्यक्रम | ० | २,००,०००.० | रक्त सेवा सञ्चालन | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **मर्मत सम्भार कोष** शीर्षकबाट (ब.सि.नं १९५) नगरपालिकाभित्रका जीर्ण भएका सडक मर्मतमा देहायवमोजिम रकम विनियोजन गरी मर्मत कार्य गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | वडा नं १६ को वनदेवी र सुस्ता गाउँपालिका वडा नं १ जोड्ने बाटोमा जीर्ण भएको पुल मर्मत | १६ | २०००००.० | दुइ पालिका जोड्ने | |
| २. | नारायण पराजुलीको घर अगाडीको अधुरो १६ मिटर बाटो सम्पन्न कार्य | ५ | १०००००.० | अधुरो बाटो सम्पन्न गर्न | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **आदिवासी दिवस फाल्गुण १५ वडा नं ४ र २** शीर्षकमा (ब.सि.नं ६२) मा छुट्टाईएको बजेट रु १,५०,०००/- (रुपैया एक लाख पचास हजार मात्र) रकमलाई विपद व्यवस्थापनको क्षेत्रमा कार्य गर्न देहाय वमोजिम रकम वाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | मगर दिवस कार्यक्रम | ४ | १०००००.० | संस्कृति प्रवर्द्धन | |
| २. | मगर दिवस कार्यक्रम | २ | ५००००.० | संस्कृति प्रवर्द्धन | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **आकस्मिक कोष शीर्षकबाट** जेनजी आन्दोलनमा तोडफोड र आगजनी भएको साविक माकर गा.वि.स. भवनमा हाल प्रतिनिधि सभाको निर्वाचनमा मतगणना स्थल कायम भएकोले उक्त भवन प्राविधिक लागत अनुमानको आधारमा रँगरोगन तथा मर्मत कार्य गर्ने ।

**निर्णय नं ३**

- विधेयक समितिबाट दफावार छलफल भई आएको बर्दघाट नगरपालिकाको "भूमिहीन किसानलाई करार खेतीमा सहयोग कार्यक्रम" सन्चालन गर्ने सम्बन्धी मापदण्ड -२०८२ स्वीकृत गर्ने ।

**निर्णय नं ४**

- आधाभूत तह (कक्षा-८) परीक्षा सञ्चालन तथा प्रमाणीकरण मापदण्ड, २०७६ को परिच्छेद २ को दफा ३ बमोजिम आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा समिति तपसिलअनुसार गठन गर्ने निर्णय गरियो।

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शिक्षा हेर्ने प्रमुख - संयोजक
२. कक्षा ८ सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरू मध्येबाट १/१ जना गरी जम्मा २ जना - सदस्य
   क. जितेन्द्र लाल जैसी — जयन्ती आवि बर्दघाट-१२
   ख. इन्द्र बहादुर गुरुङ् — होलि केयर इङ्गलिस बो.स्कुल बर्दघाट-५
३. आधारभूत तह (कक्षा-८) मा अध्यापन गर्ने शिक्षकहरू मध्ये १ जना महिला सहित २ जना - सदस्य
   क. शुक्रराज भट्टराई — राजा महात्मा पूर्णभद्र मावि बर्दघाट-९
   ख. सिर्जना शर्मा — नव जीवन मावि बर्दघाट-४
४. सहायक शिक्षा अधिकृत — सदस्य
५. शिक्षा अधिकृत — सदस्य सचिव

साथै शैक्षिक सत्र २०८२ देखि नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयहरूको आधारभूत तह (कक्षा-५) को अन्तिम परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नगरपालिकाबाट गर्ने। उक्त परीक्षाको सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण सम्बन्धमा आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा समितिले निर्णय गरेबमोजिम हुने।

**निर्णय नं ५**

- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०७/१७ को निर्णयानुसार देशभरका विभिन्न करदाता सेवा कार्यालयहरु खारेज भएको र सो कार्यालयहरुबाट तोकिए वमोजिम हुने सेवा प्रवाहरु **"करदाता सेवा कार्यालयबाट प्रवाहहुदै गरेको सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२"** वमोजिम सम्बन्धित स्थानीय तहबाटै सम्पादन हुने निर्णय भए वमोजिम तहाँ विभागबाट निर्माण भएको कार्यविधि वमोजिम सम्बन्धित स्थानीय तहबाटै सम्पादन हुने निर्णय भए वमोजिम तहाँ विभागबाट निर्माण भएको कार्यविधि वमोजिमका कामकाजहरु सञ्चालन गर्न यस बर्दघाट नगरपालिका समेत ईच्छुक एवम् मन्त्रिपरिषदको निर्णय वमोजिमका कामकाजहरु सञ्चालन गर्न यस बर्दघाट नगरपालिका समेत ईच्छुक

तथा प्रतिवद्ध रहेकोले सो सेवा सञ्चालन एवम् आवश्यक व्यवस्थापनका लागि आन्तिकर राजश्व विभाग लाजिम्पाट काठमाण्डौमा सिफारिस गर्ने ।

**निर्णय नं ६**

- बर्दघाट नगरपालिकाको अर्ध वार्षिक वित्तिय प्रगति प्रतिवेदन देहाय बमोजिम स्वीकृत गर्ने ।

आर्थिक वर्ष २०८२।८३ को अर्धवार्षिक वित्तिय प्रगति प्रतिवेदन

**आय तर्फ**

आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेट तथा कार्यक्रममा रु ९६ करोड ५० लाखको आय अनुमान गरिएकोमा पुस मसान्त सम्मको कुल सन्चित कोषमा आम्दानी रु ४३ करोड ७८ लाख ९५ हजार ९७० पैसा ४ भएको छ जस मध्ये सघिय सरकारको अनुमानको ४७.०१ प्रतिशत, प्रदेश सरकारको ३०.३७, प्रतिशत राजश्व वाडफाँडको ३२.८१ प्रतिशत र आन्तरिक श्रोतको अ ल्या समेत ६४.३१ प्रतिशत आम्दानी रहेको छ ।

**व्यय तर्फ**

त्यस्तै व्यय तर्फको ९६ करोड ५० लाख अनुमान गरिएकोमा पुस मसान्तसम्म २६ करोड ५७ लाख ०३ हजार १ सय ८७ र पैसा ५५ खर्च भएको छ जुन कुल बजेटको २७.५३ प्रतिशत हुन्छ ।

चालु खर्च तर्फ ६० करोड ३५ लाख ३७ हजार ३ सय बजेट मध्ये २२ करोड ८४ लाख ३३ हजार ६ सय ६३ र पैसा ५५ खर्च भएको छ जुन चालु बजेटको ३७.८५ प्रतिशत खर्च हुन्छ ।

पूँजिगत खर्च तर्फ ३६ करोड १४ लाख ६२ हजार ७ सय बजेट अनुमान गरेकोमा ३ करोड ७२ लाख ६९ हजार ५ सय २४ खर्च भएको छ जुन कुल पूजिगत बजेटको १०.३१ प्रतिशत खर्च हुन्छ ।

वडागत र विषयशाखागत वित्तिय प्रगति

वडा न १ को १६.५७ प्रतिशत, वडा न २ को २४.७३, वडा न ३ को ७.२९, वडा न ४ को २७.७७, वडा ५ को ३२.६५, वडा न ६ को १७.८, वडा न ७ को १७.८, वडा न ८ को १९.८९, वडा न ९ को १४.१, वडा न १० को २३.८७, वडा न ११ को ८.३, वडा न १२ को २१.३९, वडा न १३ को ३१.१८, वडा न १४ को १७.३, वडा न १५ को ८.०३, वडा न १६ को १४.०२, स्वास्थ्य शाखाको ३३.३२, कृर्षिको १५.१२, शिक्षाको ३०.१३, महिला बालबालिकाको ८.८, पशुपन्छिको १९.४८ प्रतिशतले खर्च भएको छ ।

समिक्षा अवधिसम्म नगरस्तरीय योजना तथा कार्यक्रमको २२.८३ प्रतिशत खर्च भएको छ ।

**आकश्मिक कोष खाताको वित्तिय प्रगति**

भाद्र २३ र २४ को आन्दोलनको क्रममा भएको क्षति पश्चात कार्यालयलाइ व्यवस्थित गर्न तथा सेवा प्रवाह सुचारु गर्न नगर कार्यपालिकाको निर्णय पश्चात आकश्मिक कोष खाताको परिचालन गरिएकोमा कार्यालय भवन मर्मत, रगरोगन, सवारी मर्मत र नेटवर्किंग र फर्निचर्स र मेशिनरी सामाग्री खरिद लगायतका कार्यको लागी ७८ लाख ४६ हजार ३० र पैसा ९७ खर्च भएको छ ।

निर्णय नं ७

१. बर्दघाट नगरपालिकाको दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ६.१ पछाडी देहायको उपदफा थप गरिएको छ।

**थप गरिएको**

- ६.१.१ मा उल्लिखित कार्यदल वा नगर कार्यपालिकाले तोके वमोजिमको कार्यदल रहनेछ ।

२. बर्दघाट नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको बर्दघाट नगरपालिकाको नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ४६ र बर्दघाट नगरपालिकाको दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ६.१.१ वमोजिमको तह, दरवन्दी मिलान र विद्यालयको वर्गिकरण गर्न देहाय वमोजिमको समिति गठन गर्ने ।

संयोजकः श्री भिमकाजी गुरुङ्ग
सदस्यः श्री सन्तबहादुर गाहा
सदस्यः श्री चन्द्रकान्त चापागाई
सदस्यः श्री सुमित्रा ढकाल
सदस्यः रिताकुमारी सुनार
सदस्यः रुद्र प्रसाद भण्डारी, (शिक्षक प्रतिनिधि)
सदस्य सचिवः डिल्लिराम ढुंङ्गाना, शिक्षा अधिकृत

**निर्णय नं ८ विविध**

क) काठमाण्डौ जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं ९ स्थित श्री सिटी भिलेज कृषि फर्म प्रा.लि.ले ओखलढुङ्गा जिल्ला सुनकोशि गाउँपालिका वडा नं ५ बस्ने चिनबहादुर तामाङ्गको नाममा रहेको बर्दघाट नगरपालिका वडा नं १६ अन्तर्गत साविक दाउन्नेदेवी-२/ख कि. नं. १७७ को जम्मा ज.वि. ०-४-०-० जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट पाउन भनि सम्बन्धित वडाको च नं १०४७ मिति २०८२/१०/२७ को सिफारिस साथ पेश गरेको निवेदनका सम्बन्धमा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को अनुसूचिमा जलविद्युत, उद्योग, सौर्य, चिया खेती, कफि खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छी पालन, अलैची खेती, जडिबुटी खेती एवम् फलफुल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । सो को लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छूट दिने सम्बधमा गरेको निर्णय प्रतिलिपी र राजश्व छुट दिने भन्ने कानूनी व्यवस्था भएकोले उक्त लिखत पारितको लागि राजश्व छुट दिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ख) बर्दघाट नगरपालिका वडा नं १३ मा रहेको श्री अखण्ड आधारभूत विद्यालय परिसरमा विद्यालय सुरक्षार्थ मुल गेट निर्माण गर्न अत्यावश्यक रहेकोले थान-१ गेट उपलव्ध गराई दिनु हुन भनि माग भई आएकोले नगरपालिकामा रहेको गेट विद्यालयलाई उपलव्ध गराउने ।

ग) बर्दघाट प्रज्ञा प्रतिष्ठानलाई कला केन्द्र निर्माण गर्न बर्दघाट नगरपालिका वडा नं ९, अन्तर्गत रहेको साविक पञ्चनगर गा.वि.स. वडा नं २/ ख कि. नं. १८८ को जम्मा ज.वि. १-१०-०-० जग्गा मध्येबाट पूर्वः नगरपालिकाको नम्वरी जग्गा, पश्चिमः साप्ताहिक हाटवजार, उत्तरः नगरपालिकाको नम्वरी जग्गा र दक्षिणः बाटो, उक्त चौहद्दिभित्रको जम्मा ज. वि. ०-५-०-० जग्गा उपलव्ध गराउने।

घ) चालु आर्थिक वर्षको वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **वडा नं. ३ भित्र ५० स्क्वार एम. एम. ए.वि.सि. केवल तार जडान तथा पोल तार ब्यवस्थापन नमुना शीर्षकमा** (ब.सि.नं ३६५) मा छुट्टाईएको बजेट रु १५,०० ,०००/- (रुपैया पन्ध्र लाख मात्र) र १७ औं नगरसभाबाट सोही शिर्षकमा थप भएको बजेट रु ५,००,०००/- (रुपैया पाच लाख मात्र) गरी जम्मा रकम रु २०,००,०००/- (रुपैया बीस लाख मात्र) बाट नेपाल विद्युत प्राधिकरण, बर्दघाट वितरण केन्द्रबाट रु १८,२४ ,३२९/४३ (रुपैया अठार लाख चैविस हजार तीन सय उन्तिस पैसा त्रीचालिस मात्र) (भ्याट समेत) को प्राविधिक लागत अनुमान तयार भई पेश हुन आएकोले सोही लागत अनुमानको रकम नियमानुसार बजेट कार्यान्नवय गर्ने गरी विद्युत वितरण केन्द्रको खातमा रकम निकासा दिने।